# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


प.सं. २०८०/०८१
च.नं.

मिति: २०८१/०१/२७
ने.स ११४४ वछलाथ्व १,बिहिबार

## माटो परिक्षणको लागि नमुना संकलन सम्बन्धि सुचना

प्रस्तुत बिषयमा यस रिब्दीकोट गाउँपालिका र कृषि ज्ञान केन्द्र मार्फत यस पालिकाको सबै वडाको माटोको चेकजाच गरि माटोमा भएका पोषणतत्व सम्बन्धि जानकारी गराउने तथा बिग्रेको माटोको स्वास्थ्य सुधार कसरि गर्ने र अब माटोमा के कस्ता क्रियाकलापहरु गरि भूमिको उर्बराशक्ति बृधि गर्दै बालीको उत्पादकत्व बृधि गर्न सकिन्छ भने बिषयमा सम्बन्धित किशानहरुसंग कृषि प्राबिधिकहरुले छलफल गर्ने हुदा इच्छुक कृषकहरुले आफ्नो खेतबारीको माटोको नमुना संकलन गरि यहि महिना (बैशाख) ३० गते भित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्न जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### माटोको नमुना लिने तरिका :

- जग्गाको फरक फरक ठाउँबाट S,V,W,Z आकारमा प्रति रोपनी ५-६ वटा उप-नमुना लिने।
- नमुना लिदा सबै ठाउँको प्रतिनिधित्व हुने गरि लिने।
- खाद्यान्न ,तरकारी,मसलाबालीको लागि ७-९ इन्च (१५-२० से.मि) तथा फलफुल बालीको लागि ३-४ फिट (१०० से.मि) गहिराइबाट V आकारको खाडलबाट लिने।
- प्रति रोपनी ५-६ वटा लिएको नमुनालाई संगै गरि सफा कपडामा सितल ठाउँमा राख्ने र त्यसमा भएका ढुंगा झार तथा अनावश्यक पर्दार्थलाई फाली सफा मसिनो गर्ने।
- उक्त मसिनो सफा माटोलाइ गोलो गरि फिज्ने र ४ भाग लगाई बिपरितका २ भाग हटाउने यस्तै गर्दै माटो करिब आधा केजीको नहुन्जेल सम्म निरन्तर गरि राख्ने।

प्रमुख प्रशासकीय अधिकृत

# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८०/०८१
च.नं.

- त्यसपछि उक्त आधा केजीको माटोलाइ प्लास्टिकमा हाली रबरले बाध्ने र त्यसैमा एउटा कागजको टुक्रामा किशानको नाम, ठेगाना, पहिले लगाएकी बालि र अब लगाउने बालिको नाम , मोबाइल नम्बर ,चेक गर्नुपर्ने विवरण आदि उल्लेख गरि राख्ने ।
- यसरि तयार गरियको माटोको नमुना सम्बन्धित निकाय (वडा कार्यालय) मा पठाउने ।

2081/4/26

लेखनाथ पोखेल

प्रमुख प्रसाशाकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत